AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# अष्ट्रेलियाको परिचय



## भाषा

अष्ट्रेलियाको राष्ट्रिय भाषा अङ्ग्रेजी हो। अष्ट्रेलियामा सफलतापूर्वक बसोबास गर्नको लागि अङ्ग्रेजी सिक्नु जरूरी छ। तर अष्ट्रेलियाको विभिन्न समुदाय तथा घरहरूमा २०० भन्दा बढी भाषाहरू बोलिन्छन्। यसको कारण के हो भने अष्ट्रेलियाको जनसङ्ख्याको करिब २५ प्रतिशत अर्को देशमा जन्मेका थिए, र अष्ट्रेलियामा अझै पनि २० वटा भन्दा बढी आदिवासी भाषाहरू बोल्ने गरिन्छ।

## अष्ट्रेलियाका आदिवासी जनता

एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर समुदायका मानिसहरू अष्ट्रेलियामा करिब ५०, ००० वर्षदेखि बसोबास गर्दै आएका छन् र उनीहरूको सँस्कृति विश्वका सबभन्दा पुरानोमध्येमा पर्दछ। आदिवासी अष्ट्रेलियालीहरू देशका प्रत्येक राज्य र प्रदेशमा बसोबास गर्दछन्। अष्ट्रेलियाको एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर समुदायका मानिसहरूका भाषा, साँस्कृतिक तथा आध्यात्मिक अस्थाहरू देशका विभिन्न ठाउँहरूमा अलग अलग प्रकारका छन्।

## बहुसाँस्कृतिक अष्ट्रेलिया

अष्ट्रेलियामा विश्वभरका आप्रवासीहरू छन्। सन् १९४५ यता अष्ट्रेलियामा ७५ लाख मानिसहरू बसाइँ सरेर आएका छन् जसमा ८ लाख शरणार्थीहरूसमेत समावेश छन्।

छयालिस प्रतिशत अष्ट्रेलियनहरू कि त विदेशमा जन्मेका हुन् कि त तिनका कुनै अभिभावक विदेशमा जन्मेका थिए। यसले गर्दा अष्ट्रेलियालाई निकै बहुसाँस्कृतिक बनाएको छ।

अष्ट्रेलियाको कुनै आधिकारिक वा राज्य धर्म छैन। सबै अष्ट्रेलियनहरू उनीहरूलाई मनपर्ने कुनै पनि धर्म मान्न स्वतन्त्र छन् तर ती धर्महरू अष्ट्रेलियन कमनवेल्थ तथा राज्य र प्रादेशिक कानूनविरूद्ध हुनु हुँदैन।

समानता, प्रजातन्त्र, स्वतन्त्रता र सबैका लागि सम्मानजस्ता मूल्य मान्यताहरूले अष्ट्रेलियनहरूबीच एकता कायम गरेको छ।

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM